# जोरायल गाउँपालिका
(Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय, डोटी
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)
DOTI

प.सं. २०७६/०७७
च.नं.

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
मितिः २०७७।०४।२१


जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२१)**

प्रस्तुत विषय सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/०७८, च.नं. २३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभवः**

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायक पदमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा छ महिनाको अनुभव भएको ।

(ग) उमेरः कम्तिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थानः** जोरायल गाउँपालिकाको कार्यालय ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७७/०५/०३ गते दिनको २:०० बजे भित्र ।

**४. आवेदन दस्तुरः** रु. ४०० मात्र ।

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित तथा अन्तर्वार्ता परीक्षा।

**६. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरुः

- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क पत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजातहरु
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधाः** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. सम्पादित गर्नेपर्ने कार्य विवरणः** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।**

२०७७।४।२१

.................
प्रमुख प्रशासकीय अधिकृत